# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०७८।०७।२५

## शोक विज्ञप्ति

नेपाल पत्रकार महासंघका केन्द्रीय लेखासमिति सदस्य मुकुन्दप्रसाद भण्डारीलाई पितृशोक परेको खबरले महासंघ स्तब्ध र दु:खी भएको छ । उहाँका पूज्य पिता नेत्रप्रसाद भण्डारीको ६९ वर्षको उमेरमा कात्तिक २४ गते बुधबार राति कैलालीको धनगढी नगरपालिका-८ स्थित निवासमा निधन भएको हो ।

पित्तथैलीमा क्यान्सर भएका भण्डारीको भाद्र १३ गतेदेखि काठमाडौंस्थित त्रिभुवन शिक्षण अस्पतालमा उपचार भइरहेकोमा दुई दिनअघि भक्तपुर क्यान्सर अस्पतालमा उपचारका लागि लगिएको थियो । अस्पतालले उपचार सम्भव नहुने बताएपछि कात्तिक २४ गते धनगढीस्थित निवास लगिएको हो । स्वर्गीय भण्डारीका श्रीमती, तीन छोरा र दुई छोरी हुनुहुन्छ । लेखासमिति सदस्य भण्डारी स्वर्गीय भण्डारीको जेठा छोरा हुनुहुन्छ ।

नेपाल पत्रकार महासंघ स्वर्गीय भण्डारीप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ र उहाँको आत्माको चिरशान्तिको कामना गर्दछ । साथै, शोकको यस घडीमा पितृशोकमा पर्नुभएका केन्द्रीय लेखासमिति सदस्य भण्डारीसहित शोकाकुल परिवारजनमा धैर्यधारणाको कामना गर्दै गहिरो समवेदना प्रकट गर्दछ ।

**रोसन पुरी**
**महासचिव**